दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ७६ | बुटवल | २०८१ फागुन २७, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Mar. 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# जिल्ला अदालतको आदेशविरुद्ध रवि उच्च अदालत

**लामिछानेले आफूलाई पुर्न सरकारले खनेको खाल्डोमा उनीहरु नै जाकिने र राजाको समर्थनमा भइरहेको गतिविधिको जिम्मेवार वर्तमान सरकार रहेको आरोप लगाए।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा निवेदन दर्ता गराएका छन्। लामिछानेले आफूविरुद्धको रुपन्देही जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालतमा निवेदन दिएका हुन्।

बुटवलको सुप्रिम सहकारीको बचत अपचलनसँग सम्बन्धित मुद्दामा गत माघ १३ गते रुपन्देही जिल्ला अदालतले एक करोड रुपैयाँ धरौटी लिएर लामिछानेलाई थुनामुक्त गर्ने आदेश दिएको थियो। सो आदेशविरुद्ध लामिछानेले फौजदारी कार्यविधि संहिताको दफा ७३ बमोजिम सोमबार उच्च अदालतमा निवेदन दिएका हुन्।

'फौजदारी कार्यविधि संहिताको दफा ६८ बमोजिम धरौटी माग गरिएकोमा चित्त नबुझी सो बेरितको आदेश बदर गरी दफा ६९ बमोजिम साधारण तारेखमा बसी मुद्दा पुर्पक्ष गरी पाऊँ', लामिछानेले दर्ता गरेको निवेदनमा भनिएको छ।

लामिछानेले आफूलाई पुर्न सरकारले खनेको खाल्डोमा उनीहरु नै जाकिने बताएका छन्।

'मलाई पुर्न भनेर सरकारले जत्रो खाल्डो खन्यो। मलाई मात्र पुर्न सानो खाल्डो खनेको भए त ठिकै हुन्थ्यो, तर यति ठूलो खाल्डो खनियो कि यी सबै त्यो खाल्डोमा जाकिन्छन्।'-लामिछानेले भने।

त्यस्तै सञ्चारकर्मीको तपाईँ त हराउनुभयो नि ? भन्ने प्रश्नको जवाफ दिँदै लामिछानेले आफू नहराएको बताए। जनताले सरकारका गतिविधि हेरिरहेको बताउँदै लामिछानेले सरकारले बालेन र हर्कमाथि पनि अन्याय गरेको बताए।

'जनताले राम्रोसँग हेरिरहेका छन्, जिल्लै पिछे मुद्दा लगाएर हातमा तारिक पर्चा थमाइदिएर पठाएको, जनतालाई थाहा छ, प्रशासकीय अधिकृत नपठाएको, जनतालाई थाहा छ, खाली गाग्री पठाएको र जनतालाई थाहा छ, आफ्ना मान्छेलाई मुद्दामा छानीछानी जोगाएको र अर्काका मान्छेलाई छानिछानि मुद्दा लगाएको सबै थाहा छ।'-लामिछानेले भने।

लामिछानेले राजाको समर्थनमा भइरहेको गतिविधिको जिम्मेवार वर्तमान सरकार रहेको आरोप लगाएका छन्।

सरकारले भ्रष्टचारीलाई जोगाउने, अनुसन्धानका फाइल बन्द गर्ने कार्य गर्दा जनता असन्तुष्ट बनेको उनको भनाइ छ। 'हामी सरकारमा हुँदा माइतिघरमा समेत आन्दोलन नहुने अवस्था सिर्जना गरेका थियौँ। तर त्यसपछि भ्रष्टाचारविरुद्धका सबै अनुसन्धान रोकिए भन्ने सुन्छु। हामीले खोलेका फाइल बन्द गरे भन्ने सुन्छु। यी सबै गतिविधि जनताले हेरिरहेका छन्,' लामिछानेले भने-'हिजो उपस्थित भएका मानिसहरु जनताहरु नै हुन्। यो उहाँहरुको असन्तुष्टि हो। यसको जवाफ सत्ताले दिनुपर्छ।'

## 'स्कुल उद्योग होइनन्, अत्यधिक नाफा ननिकाल्नुस'



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले अत्याधिनक मुनाफा कमाउने उद्देश्यबाट निजी शैक्षिक संस्थाहरू खोल्न नहुने बताएका छन्। सोमबार निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपालको १६औं राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

उनले शिक्षा क्षेत्र उद्योग नभएकाले अत्यधिक मुनाफा कमाउने उद्देश्य नराख्न समेत आग्रह गरे। उनले सम्पत्तिको हक संविधानले नै दिएकाले ढुक्क भएर लगानी गर्न निजी विद्यालयका सञ्चालकहरूलाई आग्रह गरेका छन्।

प्रधानमन्त्री ओलीले निजी विद्यालयलाई पाँच वर्षभित्र गुठीमा लानुपर्ने प्रस्ताव कसरी आयो भनेर आफू छक्क परेको पनि सुनाए।

प्रधानमन्त्री ओलीले सरकारले तिर्न नसक्ने बालबालिकालाई निःशुल्क शिक्षा दिने दायित्व लिने र यसमा निजी क्षेत्रको पनि साथ लिने स्पष्ट पारे।

'शिक्षा क्षेत्रमा तपाईंहरू लगानी गर्नुस्। नियम, कानुनबमोजिम सम्पत्तिको हकको प्रयोग गर्नुस्। यो उद्योग होइन। अत्यधिक मुनाफा ननिकाल्नुस्,' प्रधानमन्त्री ओलीले भने-'लगानी गरेर स्वदेशमै गुणस्तरीय शिक्षा दिनुस्। दक्ष र कुशल नागरिक उत्पादन गर्नुस्। लगानी गरेपछि कानुनले नाफा लिन पाइन्न भन्दैन। सेवा दिनुस् तर तपाईंहरू जोगी पनि नहुनुस्।'

प्रधानमन्त्री ओलीले विद्यार्थीलाई देशभक्ति, स्वाधीनता, वीरताको इतिहास सिकाउन र अरूको दान दक्षिणामा भर नपरी आफ्नै पाखुरामा विश्वास गर्न उनको सुझाव थियो।

कार्यक्रममा प्रधानमन्त्री ओलीले प्याब्सन गौरव, प्याब्सन रत्न आदि सम्मानबाट पूर्वअध्यक्ष भोजबहादुर शाह, लक्ष्यबहादुर केसी, डा.विजय सम्बाहाम्फे, बुटवलको न्यू होराइजन अंग्रेजी आवासीय माविलगायतलाई सम्मान प्रदान गरेका थिए।

## शिक्षक महासंघले दलका कार्यालय घेर्ने



बुटवल। नेपाल शिक्षक महासंघले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ।

सोमबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर महासंघले आन्दोलनको घोषणा गरेको हो।

धेरै पटक भएका आन्दोलनका क्रममा नेपाल सरकारसँगका थुप्रै सहमतिहरू सबै सम्बोधन हुने गरी नयाँ विद्यालय शिक्षा ऐन आउन आवश्यक रहेको महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

सरकार विद्यालय शिक्षा ऐन जारी नगर्ने मनसायमा रहेको ठहर महासंघको छ। स्थायी, राहत, साविक उच्चमावि, अस्थायी करार, बालविकास, सिकाइ अनुदान, विशेष शिक्षा, प्राविधिक धार निजी तथा संस्थागत विद्यालयका शिक्षक लगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका मुख्य मुद्दाहरू ऐनबाट सम्बोधन हुनुपर्ने माग महासंघको छ।

विद्यालय, विद्यार्थी, शिक्षक र कर्मचारी मैत्री विद्यालय शिक्षा ऐन ल्याउने कुरामा गम्भीर षडयन्त्र हुन थालेको भन्दै परिस्थितिलाई मध्यनजर गरी नेपाल शिक्षक महासंघले फेरि आन्दोलन थालनी गरेको विज्ञप्तिमा भनिएको छ।

२४ फागुनमा पहिलो चरणको आन्दोलन पूरा गरेको महासंघले दोस्रो चरणको आन्दोलन घोषणा गरेको हो।

दोस्रो चरणमा सरकार, संसद् र सम्बन्धित सबै सरोकार पक्षलाई विगतका सहमतिहरू समेटिएको अग्रगामी विद्यालय शिक्षा ऐन जारी गर्न बाध्य तुल्याउन महासंघले जनाएको छ।

आन्दोलनअन्तर्गत २७ फागुनदेखि ५ चैतसम्म प्रमुख राजनीतिक दलका केन्द्रीय कार्यालयमा धर्ना दिने कार्यक्रम छ। २० चैतदेखि अनिश्चितकालीन सडक आन्दोलन गर्ने महासंघले घोषणा गरेको छ।

## असल अभ्यासको अन्तर्राष्ट्रिय अवार्डमा तिलोत्तमा छनोट



तिलोत्तमा। रुपन्देहीको तिलोत्तमा नगरपालिका नागरिक सहभागितामा असल अभ्यास गर्ने विश्वभरका स्थानीय तथा प्रदेश सरकारहरुबिचको अवार्ड प्रतियोगितामा उत्कृष्ट ४० मा छनोट भएको छ।

इन्टरनेसनल अब्जरभेटरी अन पार्टिसिपेसन (ओआइडिपी) नामक अन्तर्राष्ट्रिय संस्थाले आयोजना गरेको २४औं संस्करणको अवार्डका लागि तिलोत्तमा पहिलो चरणमा उत्कृष्ट ४० मा छनोट भएको हो।

अवार्डका लागि विश्वका ३७ देशका १३७ वटा स्थानीय र प्रदेश सरकारले आवेदन दिएकामा पहिलो चरणमा तिलोत्तमा उत्कृष्ट ४० मा छनोट भएको नगरप्रमुख रामकृष्ण खाँणले जानकारी दिए।

ओआइडिपीले आफ्नो वेबसाइटमार्फत् विभिन्न पाँच वटा विषयमा आवेदन माग गरेकामा तिलोत्तमा नगरपालिका जनसहभागितामा सञ्चालित सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियानमा छनोट भएको हो।

छनोट भएका ४० स्थानीय र प्रदेश सरकारबिच अनलाइन भोटिङको ५० अंक र निर्णायकको मूल्याङ्कनको ५० अंकको आधारमा मे महिनाको २१ देखि २३ सम्म अर्जेन्टिनाको कोर्डोबामा हुने ओआइडिपी कन्फेरेन्स (सम्मेलन) मा अवार्ड विजेता घोषणा गरिने ओआइडीपीको वेबसाइटमा उल्लेख छ।

तिलोत्तमा नेपालको मात्र नभई सार्क राष्ट्रकै एक मात्र स्थानीय सरकारका रुपमा यो अवार्डमा छनोट भएकालेअनलाइन भोटिङ खुला भएपछि तिलोत्तमालाई मत दिएर जिताई नेपाललाई अन्तर्राष्ट्रिय जगतमा थप चिनाउन नेपालभर र विश्वभर रहेका नेपालीलाई नगर प्रमुख खाँणले अपील गरे।

ओआइडीपीले मार्च अन्तिमभित्रै एक हप्ताको अवधि निर्धारण गरी अनलाइन भोटिङ खुला गर्ने जानकारी गराएको नगरपालिकाका अधिकृत शंकर पन्थीले जानकारी दिए। अनलाइन भोटिङ गर्दा एकजनाले ५ वटै विषयमा मत दिनुपर्ने अन्यथा मत रद्द हुने नियम रहेको पन्थीले बताए। ओआइडिपीको वेबसाइटमै गएर मत दिन सकिने उनले बताए।

तिलोत्तमा नगरपालिकामा २०७४ सालदेखि हरेक १५ दिनमा जनसहभागितामा सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियान आठौं वर्षमा निरन्तर चलिरहेको छ। उक्त अभियानको १४०औं श्रृंखला सम्पन्न भएको छ।

हार्दिक बधाई तथा शुभकामना



गोविन्द ज्ञवाली

सिद्धार्थ उद्योग वाणिज्य संघको **६६ औं साधारण सभा तथा अधिवेशन**बाट यस लुम्बिनी शिक्षा निकेतन विद्यालयका अध्यक्ष **श्री गोविन्द ज्ञवाली** ज्यू **उद्योग उपाध्यक्ष** जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई साथै निर्वाचित हुनुहुने अध्यक्ष नेत्रप्रसाद आचार्य लगायत सम्पूर्ण कार्यसमिति पदाधिकारी एवम् सदस्य ज्यूहरुलाई सफल र सृजनात्मक कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**नामदेव अर्याल** प्राचार्य एवम् **पिताम्बर न्यौपाने** प्रबन्ध निर्देशक

लुम्बिनी शिक्षा निकेतन परिवार
मायादेवी-४, रूपन्देही, मो: ९८५८०१५५६७, ९८०१३१५५६७

# सम्पादकीय

## तिलोत्तमा गोल्डकप बुटवलको गौरव

नेपाली खेल जगतको पूरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको २३औं संस्करण चैत ९ गतेदेखि हुँदैछ । तिलोत्तमा गोल्डकप बुटवलको प्रतिष्ठा हो, बुटवलको गौरव हो । बुटवलसँग जोडिएको यो प्रतियोगितालाई उप-महानगरपालिकाले बिगतदेखि नै अपनत्व लिएर सफल पार्न सहयोग गर्दै आएको छ । उप-महानगरपालिकाको मात्रै नभएर बुटवलवासीको गौरव हो ।

तिलोत्तमा गोल्डकपले स्थानीय फुटबल खेलाडीको प्रतिभा विकास गर्न सघाउ पु¥याएको छ । वसन्त गौचनलगायत धेरै राष्ट्रिय खेलाडी तिलोत्तमा गोल्डकपका उत्पादन हुन् । खेल पर्यटन प्रवर्द्धन गर्न पनि यसले टेवा पु¥याएको छ । पछिल्ला वर्ष खेल पर्यटनको राम्रो संभावना देखिएको छ । बुटवलको होटल व्यवसायलाई चलायमान बनाउन गोल्डकपले सघाउ पु¥याउने छ ।

तिलोत्तमा गोल्डकपको इतिहास जति स्वर्णीम छ, यसको विगतलाई बुझेर यसलाई नियमित गर्न किन रूपन्देही जिल्ला फुटबल संघले सकिरहेको छैन ? बुटवल उप-महानगरपालिकाले नियमित गराउन किन सकेको छैन ? अहिले उठेको प्रश्न हो यो । बुटवल उप-महानगरपालिकाले पूर्णतः अपनत्व लिएर रूपन्देही जिल्ला फुटबल संघलाई तिलोत्तमा गोल्डकप वर्षेनी सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्छ । विस २०३३ सालमा सुरु भएको प्रतियोगिता आरम्भताका जसरी नियमित बिचमा नियमित हुन सकेन् । तिलोत्तमा गोल्डकपलमा देशभरका उत्कृष्ट टिम सहभागी हुने र फुटबलका दर्शक यहाँ आउने भएकाले प्रतियोगिता हुञ्जेल यहाँ हुने चहलपहलको लाभ यहाँको होटल व्यवसायले लिन्छ । समग्रमा यहाँको आर्थिक गतिविधि चलायमान बनाउन यो प्रतियोगिताले सघाउ पु¥याउँछ । अहिले प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका सबै खेल लुम्बिनीका तीन रंगशालामा भइरहेका छन् । एक्ट्राटेक ओभल तिलोत्तमा, सिद्धार्थ रंगशाला भैरहवा र लमही रंगशालामा चैत १६ गतेसम्म हुने खेलले लुम्बिनी प्रदेशलाई उत्साहित बनाएको छ । यहाँ खेल्न आएका खेलाडी, प्रशिक्षक, रेफ्री र दर्शकले यहाँको चहलपहल बढाएको छ । सीमावर्ती भारतीय शहरहरुबाट दर्शक ल्याउन सक्दा अझैं फाइदा लिन सक्छौं । स्थानीय दर्शक मात्रै नभएर भारतीय दर्शक ल्याउन आयोजकले ध्यान दिनुपर्छ ।

खेलकुद विकासको अभिंग अंग मानिनुपर्छ । नागरिक स्वस्थ हुन शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ हुनुपर्छ । यी मध्ये कुनै एकमा कमजोर नागरिकलाई स्वस्थ मानिदैन । खेलकुदले शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ नागरिक तयार पार्ने भएकाले राज्यले नै पूर्वाधार विकास र प्रवर्द्धनमा प्राथमिकता दिनुपर्छ ।

## २०.६८ अंकले घट्यो



काठमाडौँ । सेयर बजार परिसूचक (नेप्से) सोमबार छैटौं दिन पनि घटेको छ । अघिल्लो हप्तादेखि घट्न थालेको नेप्से साताको दोस्रो दिन सोमबार २०.६८ अंकले घटेको हो ।

योसँगै बजार परिसूचक २७५१.४२ विन्दुमा ओर्लिएको छ। बजारमा ८ अर्ब ३७ करोड रुपैयाँ बराबरको कारोबार भयो। अघिल्लो दिन १० अर्ब रुपैयाँको कारोबार भएको थियो ।

बजारमा ४४ कम्पनीको मूल्य बढेको छ। १९२ कम्पनीको मूल्य घटेको छ भने बाँकी ८ कम्पनीको मूल्य स्थिर रहेको छ। बजारमा नेष्डो लघुवित्त, गार्डियन लाइफ र विन नेपाल लघुवित्तको शेयर ८ प्रतिशतभन्दा धेरैले बढेको छ। त्यस्तै, उपकार लघुवित्त र सिक्लेस हाइड्रोपावरको सेयर सबैभन्दा धेरैले घटेको छ।

बजारमा अन्य समूह बाहेक सबै समूहको सूचक घटेको छ। हाइड्रोपावर, इन्भेष्टमेन्ट, म्यानुफ्याक्चरिङ र ट्रेडिङ समूहमा १ प्रतिशतभन्दा धेरैको गिरावट देखिएको छ। बढेको अन्य समूहमा झिनो वृद्धि मात्रै देखिएको छ। कारोबार रकमका आधारमा पनि नेपाल पुनर्बिमा कम्पनी र हिमालयन रिइन्स्योरेन्सको ७३/७३ करोड रुपैयाँको कारोबार भयो । कारोबार संख्याका आधारमा भने गार्डियन लाइफ इन्स्योरेन्स अगाडि रह्यो भने कारोबार भएको सेयर संख्याका आधारमा घलेम्दी हाइड्रोवापर अगाडि रह्यो ।

# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/११/२७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरी यस मध्यविन्दु नगरपालिका, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती बमोजिम नदीजन्यप दार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८१/०८२को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। मिति२०८१/१२/२८गते १२:०० बजे भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले www.madhyabindumun.gov.np तथा www.bolpatra.gov.np/egp बाट बोलपत्र Download गरी देहायको मिति र समय भित्र बोलपत्र www.bolpatra.gov.np/egp मा Upload गर्नु पर्नेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपसिलः**

### गिरुबारी खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ०१/०८१/८२-MB | सिमरा खण्ड– क | २७°३४'९.६१'' देखि २७°३४'१८.४२'' | ८३°५९'५२.०२'' देखि ८३°५९'५५.०६'' | १४५०० | ४,६०८,६०८ | | ३०००/ |
| ०२/०८१/८२-MB | सिमरा खण्ड– ख | २७°३४'३१.९१'' देखि २७°३४'२४.६४'' | ८४°०'३.५०'' देखि ८४°०'१.७०'' | ८९१० | २,८३१,९१० | | ३०००/ |
| ०३/०८१/८२-MB | टिकुली टार खण्ड | २७°३४'४५.८१'' देखि २७°३४'३३.८९'' | ८४°०'११.५६'' देखि ८४°०'४.५१'' | ३४०२० | १०,८१२,७४७ | | ३०००/ |
| ०४/०८१/८२-MB | रानी टार खण्ड | २७°३४'५६.१९'' देखि २७°३४'५९.७७'' | ८४°०'१७.०४'' देखि ८४°०'१२.३८'' | ६९५४ | २,२१०,२२५ | | ३०००/ |
| ०५/०८१/८२-MB | भिट्टा खण्ड– क | २७°३४'५६.१९'' देखि २७°३४'४९.५७'' | ८४°०'१७.०४'' देखि ८४°०'११.९१'' | २८८० | ९१५,३६५ | | ३०००/ |
| ०६/०८१/८२-MB | भिट्टा खण्ड– ख | २७°३५'५.६९'' देखि २७°३५'०.८६'' | ८४°०'२०.२०'' देखि ८४°०'१५.२४'' | ३६०० | १,१४४,२०६ | | ३०००/ |
| ०७/०८१/८२-MB | भागरा खण्ड– क | २७°३७'८.६५'' देखि २७°३७'१३.८१'' | ८४°०'४२.८२'' देखि ८४°०'३६.६०'' | ८४६० | २,६८८,८८४ | | ३०००/ |
| ०८/०८१/८२-MB | भागरा खण्ड– ख | २७°३७'१४.१९'' देखि २७°३७'२०.८०'' | ८४°०'३४.२३'' देखि ८४°०'२२.३६'' | २५२७२ | ८,०३२,३२६ | | ३०००/ |
| ०९/०८१/८२-MB | झाङ्गटा खण्ड– क | २७°३७'३३.१८'' देखि २७°३७'४१.६७'' | ८४°०'१८.९९'' देखि ८४°०'१८.११'' | १०५०० | ३,३३७,२६८ | | ३०००/ |
| १०/०८१/८२-MB | झाङ्गटा खण्ड– ख | २७°३७'४३.०३'' देखि २७°३७'५५.६०'' | ८४°०'१५.८५'' देखि ८४°०'१४.७९'' | १६८७२ | ५,३६२,५१२ | | ३०००/ |
| ११/०८१/८२-MB | रातो पहरा खण्ड | २७°३८'१३.४८'' देखि २७°३८'२५.३६'' | ८४°०'४.५८'' देखि ८४°०'३.५५'' | ८८८० | २,८२२,३७५ | | ३०००/ |
| १२/०८१/८२-MB | सिम्ले खण्ड | २७°३८'३४.०९'' देखि २७°३८'४६.४७'' | ८४°०'४.९५'' देखि ८४°०'८.९०'' | १७२२० | ५,४७३,११९ | | ३०००/ |
| १३/०८१/८२-MB | सिम्रेनी भिम्रेनी खण्ड ख | २७°३९'४४.४६'' देखि २७°३९'४९.४०'' | ८४°१'१४.३५'' देखि ८४°१'२३.२०'' | १२२९६ | ३,९०८,०९९ | | ३०००/ |
| १४/०८१/८२-MB | बसन्तपुर-हुप्सेकोट सिमाना खण्ड क | २७°३९'५०.७१'' देखि २७°३९'५६.९९'' | ८४°१'२४.२९'' देखि ८४°१'३४.५७'' | २३४६० | ७,४५६,४०९ | | ३०००/ |

### अरुणखोला खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १५/०८१/८२-MB | गरमटोला खण्ड | २७°३४'४६.९०'' देखि २७°३५'३.९५'' | ८३°५७'४१.१७'' देखि ८३°५७'३९.२८'' | ३४६५० | ११,०१२,९८३ | | ३०००/ |
| १६/०८१/८२-MB | माथिल्लो भ्युरान खण्ड | २७°३५'९.५३'' देखि २७°३५'२६.३४'' | ८३°५७'३९.५४'' देखि ८३°५७'३०.६६'' | ३५०४६ | ११,१३८,८४५ | | ३०००/ |
| १७/०८१/८२-MB | फोहोरमैला खण्ड | २७°३५'३०.४४'' देखि २७°३५'४१.९५'' | ८३°५७'२९.४७'' देखि ८३°५७'३४.५९'' | १९३८० | ६,१५९,६४२ | | ३०००/ |
| १८/०८१/८२-MB | माथिल्लो कुसुन्डे खण्ड | २७°३५'४५.३४'' देखि २७°३५'५६.८३'' | ८३°५७'३५.३७'' देखि ८३°५७'३२.५३'' | १०९२० | ३,४७०,७५८ | | ३०००/ |
| १९/०८१/८२-MB | रातोपहरा खण्ड | २७°३७'२६.४६'' देखि २७°३७'३९.०८'' | ८३°५७'२१.०६'' देखि ८३°५७'२५.८७'' | ९९६० | ३,१६५,६३७ | | ३०००/ |
| २०/०८१/८२-MB | दाद्रा खण्ड | २७°३८'१९.००'' देखि २७°३८'२८.३२'' | ८३°५७'१९.६७'' देखि ८३°५७'२५.६४'' | १६५६० | ५,२६३,३४८ | | ३०००/ |
| २१/०८१/८२-MB | खयरसाल खण्ड– क | २७°३८'४५.६४'' देखि २७°३८'५८.६३'' | ८३°५७'२७.६३'' देखि ८३°५७'२३.३०'' | २७८६४ | ८,८५६,१५४ | | ३०००/ |
| २२/०८१/८२-MB | खयरसाल खण्ड– ख | २७°३९'८.६१'' देखि २७°३९'१८.६१'' | ८३°५७'२५.०२'' देखि ८३°५७'२५.०२'' | २१६०० | ६,८६५,२३६ | | ३०००/ |
| २३/०८१/८२-MB | खयरसाल खण्ड– ग | २७°३९'२०.८७'' देखि २७°३९'२६.९८'' | ८३°५७'२४.०१'' देखि ८३°५७'१८.७४'' | १४५२० | ४,६१४,९६४ | | ३०००/ |
| २४/०८१/८२-MB | खयरसाल खण्ड– घ | २७°३९'२८.३७'' देखि २७°३९'४३.३१'' | ८३°५७'२१.३६'' देखि ८३°५७'१०.६५'' | ३४७२० | ११,०३५,२३१ | | ३०००/ |
| २५/०८१/८२-MB | स्कुल टाँडी खण्ड | २७°३९'४७.३६'' देखि २७°३९'५८.९२'' | ८३°५७'९.३१'' देखि ८३°५७'१.६४'' | ३४४४० | १०,९४६,२३७ | | ३०००/ |
| २६/०८१/८२-MB | कोटथर खण्ड | २७°३९'५९.९८'' देखि २७°४०'७.३९'' | ८३°५७'१.०३'' देखि ८३°५६'५३.७०'' | ३०२४० | ९,६११,३३० | | ३०००/ |
| २७/०८१/८२-MB | द्वारदह खण्ड क | २७°४०'८.९९'' देखि २७°४०'२७.२१'' | ८३°५६'५१.२२'' देखि ८३°५६'४५.७५'' | ३५४०० | ११,२५१,३५९ | | ३०००/ |
| २८/०८१/८२-MB | द्वारदह खण्ड ख | २७°४०'३२.३६'' देखि २७°४०'४१.५२'' | ८३°५६'४५.३०'' देखि ८३°५६'४७.७२'' | १२६०० | ४,००४,७२१ | | ३०००/ |
| २९/०८१/८२-MB | चारघरे नाका खण्ड | २७°४३'६.२९'' देखि २७°४३'९.५९' | ८३°५६'३५.६२'' देखि ८३°५६'२७.८२'' | ३५२५ | १,१२०,३६८ | | ३०००/ |

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि, बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८०/१२/२८ गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छातोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड)सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/१२/२८ गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/१२/२८ गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकमजेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस नगरपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन,२०७४,सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मिति देखि २०८२ साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन् कार्य बन्द गरिने छ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्र्ति दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार नगरपलिकामा भुझाउनु पर्ने छ। (IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा नगरपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदय देखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. नदिजन्य पदार्थलाई घाटगद्धि नगरपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि, वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, मध्यविन्दु नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ , मध्यविन्दु नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत
मध्यविन्दु नगरपालिका

पीएम कप क्रिकेटः

# आर्मी, सुदूरपश्चिम र पुलिसको जित

भैरहवा । त्रिभुवन आर्मी क्लब, सुदूरपश्चिम प्रदेश र नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप (पिएम) पुरुष एकदिवसी राष्ट्रिय क्रिकेट प्रतियोगितामा जित निकालेका छन् । सोमबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा आर्मीले बागमती प्रदेशमाथि १ सय ३४ रनको फराकिलो जित निकालेको हो ।

पहिले ब्याटिङ गरेको आर्मीले ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ६२ रनको बलियो योगफल बनायो । सन्तोष कार्कीले ७६, विनोद भण्डारी अविजित ४७, त्रितराज दासले ३६, विवेक यादवले ३० र कुशल मल्ले २६ रन जोडे । बलिङमा बागमतीका रिजन ढकाल, प्रतिश जिसी र इशान पाण्डेले समान २-२ तथा सोनु देवकोटाले १ विकेट लिए।

खराब ब्याटिङ प्रदर्शन गरेको बागमती २७ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय २८ रनमा नै समेटियो। पाँचौं क्रमका ब्याटर विवेक मगरले सर्वाधिक ५१ रन जोडे ।

यसबाहेक अन्य खेलाडीको प्रदर्शन फितलो रह्यो। इशान पाण्डेले १९ र आशुतोष घिरोहियाले १० रन बनाए। बलिङमा आर्मीका साहब आलमले ४ र आकाश चन्दले ३ विकेट हात पारे। यस्तै, सोमबार नै दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा सुदूरपश्चिम प्रदेशले गण्डकी प्रदेशलाई ६ विकेटले हराउँदै पहिलो जित निकालेको छ। जितका लागि पाएको २ सय २१ रनको लक्ष्य सुदूरपश्चिमले ४३ ओभरमा ४ विकेट गुमाउँदै सहजै लक्ष्य पुरा गर्यो।

जसमा किरण ठगुन्नाले शतकीय पारी खेले। किरणले ९१ बलमा ७ चौका र ५ छक्कासहित अविजित १ सय २७ रन बनाए। नारायण जोशीले अविजित ३८, खडक बोहराले १९ र निश्चल कार्कीले १८ रन बनाए। गण्डकीका विपिन क्षेत्री, अमृत गुरुङ, कमल परियार र अर्जुन कुमालले १-१ विकेट लिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गण्डकीले ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय २० रन बनाएको थियो। ओपनर समिर कँडेल २ रनना आउट भए। यसपछि अर्जुन कुमाल र वंश क्षेत्रीले दोस्रो विकेटका लागि ४० रनको साझेदारी गरे। वंश १८ रनमा आउट भए। अर्जुनले अर्धशतकीय पारी खेले। साथै उनले दीपक डुम्रेसँग मिलेर तेस्रो विकेटका लागि ५५ रनको साझेदारी गरे। दीपकले पनि अर्धशतक बनाए। दीपकले सर्वाधिक ६० र अर्जुनले ५७ रनको योगदान दिए। सुदिप अर्याल अविजित २३ रनना क्रिजमा रहे। बलिङमा शेर मल्लले १० ओभरमा १ मेर्डनसहित ३३ रन खर्चेर ३ तथा नारायण जोशीले २ विकेट लिए।

यस्तै, रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपाल पुलिस क्लबले लुम्बिनी प्रदेशलाई ८७ रनले हराएको छ। टस जितेर पहिले ब्याटिङ गरेको पुलिसले ५० ओभरमा ६ विकेट गुमाउँदै २ सय ४९ रन बनायो।

पुलिका लागि कुशल भुर्तेलले ५९, आरिफ शेखले ५६, दीलिप नाथले ३४ र अमित श्रेष्ठले २२ रन बनाए। बलिङमा अजय चौहान र कृष्ण कार्कीले ३-३ विकेट लिए। जवाफी ब्याटिङ गरेको लुम्बिनी ५० ओभरमा ९ विकेट गुमाउँदै १ सय ६२ रनमा समेटियो। लुम्बिनीका प्रज्ज्वल थापाले ७२ र मिर्नाल गुरुङले ३० रन बनाए पनि अन्य सात खेलाडीले दोहोरो अंक छुन सकेनन्।

बलिङमा सागर ढकालले ३, ललित राजवंशी र दीपेन्द्रसिंह ऐरीले समान २-२ विकेट लिए। पुलिसको यो पहिलो जित हो भने लुम्बीनीले पहिलो हार।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि., लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देहीको २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय परासी, नवलपरासीबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति, फर्म कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | मिसिल नं. | ग्राहक नं. | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | बाँकी ब्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिक्षा एकीकृत कृषि फर्म (प्रो.दिल कुमारी चौधरी) | सरावल वार्ड नं. ०३, पटनी | १३१०६ | ५०१४१७० | कुसुम बहादुर थारु | डाक्टर चोधरी | भिटा कर्जा | ८६६५७३.१५ | ८७८३.२४ | ८७५३५६.३९ | बसन्ती देवी थरुनी |
| २ | जय मा पाल्ही भगवती गाई भैंसी फर्म (प्रो. श्याम बिहारी अहिर) | पाल्हीनन्दन वार्ड नं. ०५, गेरमा | ५८०९ | १५०८६८६ | रामदेव अहिर | दल्लु अहिर | पशुपंक्षी पालन कर्जा | १२१९९३७.५१ | २५९१८.२७ | १२४५८५५.७८ | |
| ३ | जयमां बावनगढी कृषि फर्म (प्रो दिपचन्द्र ठठेर कौशल) | रामग्राम वार्ड नं. ०२, संगमटोल | ११६०८ | ११४५०२५ | राम सुमिरन | रामफेर प्रसाद ठठेर | माछा पालन | १६००००० .०० | १६७७७०.३४ | १७६७७७०.३४ | ईन्द्रावती ठठेर |
| ४ | सन्त कुमार चौधरी | पाल्हीनन्दन वार्ड नं ०१., शंकरपुर | १११७५ | ५९२५९४ | नागेश्वर | मन्सा राम चौधरी | घरायसी कर्जा | ५०००००.०० | २५८०४.३९ | ५२५८०४.३९ | |
| ५ | प्रतिक पोल्ट्री फर्म (प्रो.तारा कुमारी चमार) | रामग्राम वार्ड नं.०४, सुर्यपुरा | ११४३४ | १२९४६६२ | रतन चमार | भोरे चमार | सहुलियत कर्जा | १२०००००.०० | ६३६८२.६२ | १२६३६८२.६२ | |
| ६ | निखिल ट्रेर्डस (प्रो. उदयराज शर्मा) | रामग्राम वार्ड नं ०३, परासी | २१८ | ५९०७०७ | लिलाधर जैसी | सेतु जैसी | ब्यापार कर्जा | ८०००००.०० | ३३८३९.०० | ८३३८३९.०० | |
| ७ | धिरज कृषि फर्म (प्रो.साबित्री देवी पटेल) | पाल्हीनन्दन वार्ड नं. ०४, लोहरौली | १३०१० | १८६९२६० | रामसमुख दास | श्रवण कुमार पटेल | सहुलियत कर्जा | २१११७८७.२२ | ४८९८९.५४ | २१६०७७६.७६ | श्रवण कुमार पटेल |
| ८ | निर्मला थारु | रामग्राम वार्ड नं. १४, पथरदेवा | ११८९१ | १६०४४६९ | माधव प्रसाद चौधरी | नन्दराज चौधरी | घरायसी कर्जा | ८०००००.०० | ९६४०१.०० | ८९६४०१.०० | |
| ९ | बेईली भैंसी फर्म (प्रो. बेईली यादव) | सुनवल वार्ड नं. ०३, छडनी | ११९६० | १७०७५८८ | गिरधर यादव | श्रीराम यादव | सहुलियत कर्जा | १०५००००.०० | ८६३५७.०० | ११३६३५७.०० | श्रीराम यादव |
| १० | अमित पशुपंक्षी फर्म (प्रो. सपना सिंह कमकर) | पाल्हीनन्दन वार्ड नं. ०२, अमानीगंज | ११८७३ | १५८९९५६ | बालजीत | बबलु कमकर | सहुलियत कर्जा | ४१९८१७३.७४ | ९९५८७.०० | ४२९७७६०.७४ | बालजीत कमकर र इनद्रावती कमकर |
| ११ | आदर्श सप्लायर्स (प्रो. जसवन्त दास पटनवार) | पाल्हीनन्दन वार्डम नं. ०१, सुनरी | ५२८८ | ५९१४९६ | राम आसरे दास | हरि नारायण दास | ब्यापार ,सरल कृषि कर्जा | २८०००००.०० | ३०७७५३.०० | ३१०७७५३.०० | |
| १२ | पाल्हीनन्दन बचत तथा ऋण सहकारी संस्था (प्रो.प्रदीप कुमार चौधरी) | रामग्राम वार्ड नं. ०९, पिपरहिया | ११००० | ५९०६९९ | बेचन प्रसाद चौधरी | इन्द्र कमल चौधरी | थोक कर्जा | १६२५०००.०० | १८५८७९.०० | १८१०८७९.०० | जगगन प्रसाद केवट र भक्तमणी चौधरी |
| १३ | पाल्ही भगवती पोल्ट्री फर्म (प्रो सन्तराम प्रसाद यादव) | पाल्हीनन्दन वार्ड नं. ०४, पाल्ही | ४१५० | ५९२३६४ | करिया प्रसाद | उग्रह | कुखुरा पालन | १५०००००.०० | ६८९१२.०० | १५६८९१२.०० | |
| १४ | लक्ष्मी गाई भैंसी फर्म (प्रो.बिद्या देवी यादव) | रामग्राम वार्ड नं. १६, लालपाटी | ११९६३ | १७०८०७७ | राम किसुन अहिर | चिन्तामणी अहिर | सहुलियत कर्जा | २६५००००.०० | २०३३६९.०० | २८५३३६९.०० | चिन्तामणी अहिर |
| १५ | सना खातुन पोल्ट्री फर्म (प्रो जनतुन नेसा) | पाल्हीनन्दन वार्ड नं. ०५, चमनटोला | १३१२६ | ५२३२८४० | ईसा धुनिया | जमिर धुनिया | भिटा कर्जा | १२३६६४९.०० | २७३१७.०० | १२६३९६६.०० | जमिर धुनिया र ईसा धुनिया |
| १६ | आकृति कस्मेटिक (प्रो. उपेन्द्र कुमार शाह) | रामग्राम वार्ड नं. १६, हकुई | ५२८९ | १८३८५५५ | राम अधारे गुप्ता | राम बहादुर गुप्ता | ब्यापार कर्जा | १२०००००.०० | ६६६४०.०० | १२६६६४०.०० | राम बहादुर गुप्ता |
| १७ | कविता एकिकृत कृषि तथा पशुपंक्षी फर्म (प्रो. तुल कुमारी चैधरी) | सुनवल वार्ड नं. १२, सुखली | १३०८९ | १९९७०२० | बाणे | धुर्व नारायण वातर थारु | सहुलियत कर्जा | १२०००००.०० | १००६८.०० | १२१००६८.०० | |
| १८ | मग्गे अहिर | पाल्हीनन्दन वार्ड नं. ०६ पडरी | ६६७६ | ५९१४३० | नेपाल | बिरवली अहिर | घरायसी कर्जा | १००००००.०० | ६९८८२.०० | १०६९८८२.०० | |
| १९ | इनुस धुनिया | रामग्राम वार्ड नं. १५, डिघवल | १३०२३ | १९४५५६२ | मगरु | जिलेदार | घरायसी कर्जा | ८०००००.०० | ३०८७२.०० | ८३०८७२.०० | |
| २० | अमोला जोल्हा | पाल्हीनन्दन वार्ड नं. ०३, कुश्मा | ४५९१ | ५९१६८८ | नबि जोल्हा | रियासत जोल्हा | सरल कृषि कर्जा | ७९००००.०० | ८१०३१.०० | ८७१०३१.०० | |
| २१ | रामलगन एकिकृत कृषि फर्म (प्रो. शिवलता चौधरी) | रामग्राम वार्ड नं. ०८, उनवच | ११८८७ | १९३३८९८ | दुलारे थारु | गोपाल मणी चौधरी | सहुलियत कर्जा | २०१४२७१.०० | २१६७.०० | २०१६४३८.०० | |
| २२ | कुन्तला पशुपालन फर्म (प्रो.कुन्तला देवी यादव) | पाल्हीनन्दन वार्ड नं. ०१, रमपुरवा | १२०५४ | १८१७२७३ | रक्षा अहिर | गंगा अहिर | सहुलियत कर्जा | ९०००००.०० | ९४४४८.०० | ९९४४४८.०० | |
| २३ | सद्दाम अली हजाम | पाल्हीनन्दन वार्ड नं. ०३, बेलासपुर | ११८१३ | १३१५१०६ | बाबुलाल हजाम | नैमुल्लाह हजाम | घरायसी कर्जा | ५०००००.०० | ३०३१९.०० | ५३०३१९.०० | नैमुल्लाह हजाम |
| २४ | जय माता दी ट्रेडिग (प्रो.हरिश्चन्द्र जैसवाल) | पाल्हीनन्दन वार्ड नं. ०२, अमानीगंज | ११६३० | १२१४२८५ | अवधु कलवार | मोती कलवार | ब्यापार कर्जा | ५०००००.०० | २१९२०.०० | ५२१९२०.०० | |
| २५ | सन्त कबिर दुग्ध डेरी उद्योग (प्रो. संगिता पटनवार) | पाल्हीनन्दन वार्ड नं. ०४, लोहरौली | ११४०० | ५००४३३६ | भुपत | श्याम बहादुर पटेल | सहुलियत कर्जा | १४७१५२४.०० | ३४४१८.०० | १५०५९४२.०० | |
| २६ | नन्दनी पशु फर्म (प्रो. राजेन्द्र यादव) | रामग्राम वार्ड नं. ०८, उनवच | ११९०३ | १६४७२१६ | चन्द्रबली अहिर | सोभा अहिर | सहुलियत कर्जा | १२७४९१६.०० | २७७५५.०० | १३०२६७१.०० | |
| २७ | नन्दन माछा फर्म (प्रो. बैजनाथ चौधरी) | रामग्राम वार्ड नं. ०९, पिपरहिया | ११६७३ | १७३७२९४ | राम नारायण चौधरी | कृष्ण मुरारी चौधरी | सहुलियत कर्जा | ७४४८१६.०० | १५७८४.०० | ७६०६००.०० | कृष्ण मुरारी चौधरी |
| २८ | आयर्न फ्रुट एण्ड जुस कर्नर | रामग्राम वार्ड नं. ०४, जितपुर | १२००५ | १७३६०४८ | मनोहर कहार | बुद्धु कहार | ब्यापार कर्जा | ८२९९६०.०० | २०१६७.०० | ८५०१२७.०० | |
| २९ | सत साहेब दुध डेरी उद्योग (प्रो. द्रोपती देवी पटनवा) | पाल्हीनन्दन वार्ड नं. ०४, लोहरौली | ११८१८ | १५१९७९४ | राम चन्द्र दास | गोरख नाथ पटनवार | ब्यापार कर्जा | १३९९५२५.०० | ३१३०२.०० | १४३०८२७.०० | गोरख नाथ पटनवार |

कृषि विकास बैंक लिमिटेड
**Agricultural Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको इजाजतपत्र प्राप्त संस्था
लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देही

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# पहिलो अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित



बुटवल । नेपाल बिलियर्डस् स्नुकर तथा पुल संघ रूपन्देहीले स्नूकरको अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता बुटवलका खेलाडी रेगन श्रेष्ठलाई नगदसहित सम्मान गरेको छ ।

श्रीलंकामा हालै सम्पन्न सागस्तरीय प्रतियोगितामा श्रेष्ठ सेमिफाइनलमा पुग्दै नेपाललाई पहिलो पदक दिलाउन सफल भएका थिए ।

संघले हालसम्मकै सर्वाधिक पुरस्कार राशीको राष्ट्रियस्तरको स्नूकर प्रतियोगिता सम्पन्न गरेको अवसर पारेर श्रेष्ठलाई सम्मान गरेको हो । बुटवलमा एक कार्यक्रमकाबिच संघका अध्यक्ष सुजन पुन, प्रथम उपाध्यक्ष बासु प्रधान, महासचिव प्रकाश क्षेत्री लगायतले श्रेष्ठलाई नगद २५ हजार रुपैयाँ र कदर पत्रसहित सम्मान गरेका हुन् ।

संघका अध्यक्ष पुनले रुपन्देही स्नूकर खेलको उर्बरभूमि भएको र यहाँ तीन सय बढी खेलाडी रहेको उल्लेख गर्दै यो खेललाई राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गर्न र कभर्ड हल निर्माण गरिदिन सरकारसँग माग गरे ।

स्नूकर खेललाईनेपालमा प्रहरी प्रशासनले गलत दृष्टिले हेर्ने गरेको तर अन्तर्राष्ट्रिय जगतमा यो प्रतिष्ठित खेलमा गणना हुने उनले बताए ।

सम्मानित खेलाडी श्रेष्ठले नेपाल बिलियर्डस् स्नुकर तथा पुल संघ रूपन्देहीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन जाँदा संघले आर्थिक सहयोग गरेर प्रोत्साहन गरेकाले आत्मबल बलियो भएको उल्लेख गरे । संघले फागुन १२ देखि २२ गतेसम्म गरेको प्रतियोगितामा देशभरबाट १२८ खेलाडीलाई सहभागी गराउन संघ सफल भएको थियो । उपाधि विजेतालाई संघले ३ लाख ३ हजार नगद पुरस्कार दिएको थियो ।

# आस्थममा १७औं ब्याचका विद्यार्थीलाई स्वागत

बुटवल । बुटवलकै पुरानो एशियन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट(आस्थम) बुटवलको आयोजनामा १५औं ब्याचका विद्यार्थीहरुको विदाइ तथा १७ ब्याचका विद्यार्थीहरुलाई स्वागत गरिएको छ। विद्यार्थीहरुको स्वागत तथा विदाइ कार्यक्रममा बोल्दै बुटवल उप-महानरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले डिप्लोमा लेभलको होटल म्यानेजमेन्ट कोर्ष पूरा गरेपछि विदेश जानुभन्दा स्वदेशमै व्यवसायी बन्न वा रोजगार गर्न सुझाव दिइन् । स्वदेशमै हस्पिटालिटी क्षेत्रमा ठूलो संभावना रहेकाले यहीं बसेर धेरै काम गर्न सकिने र यसमा बुटवल उप-महानरपालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा आस्थम बुटवलका प्रबन्धक निर्देशक जि.एस. गुरुङ्गले बोल्दै होटल व्यवस्थापनको तालिम आफैंमा सीपमूलक र व्यवहारिक तालिम भएकाले कोही पनि बेरोजगार हुन नपर्ने बताए ।

आस्थम बुटवलको पहिलो दर्ता भएको होटल म्यानेजमेन्ट अध्यापन गराउने शैक्षिक संस्था भएको जानकारी दिँदै गुरुङले हालसम्म १० हजारभन्दा बढी विद्यार्थीले विभिन्न अवधिकातालिम पूरा गरेको बताए। २०६० सालमा स्थापना भएको आस्थमले १५ महिने र ६ महिने गरी एड्भान्स लेवलको होटल म्यानेजमेन्टको तालिम ८ सय जनालाई प्रदान गरेको उनले जानकारी दिए । कार्यक्रममा संस्थाका कोअर्डिनेटर मिलन राना,प्रशिक्षकहरु खुमबहादुर पालुङ्गे, सुरज पौडेल, अमर आचार्य, विद्यार्थीहरु सिर्जन सुनार, प्रज्ज्वल गुरुङ, अयुश राना, सुस्मिता थापालगायतले बोल्दै उत्कृष्ट व्यवस्थापन र विद्यार्थीमैत्री वातावरणका कारण आस्थम लुम्बिनी प्रदेशकै उत्कृष्ट होटेल म्यानेजमेन्ट तालिम केन्द्र बनेको बताए । कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्य प्रस्तुत गर्दै रमाउँदै सहभागीलाई मनोरन्जन दिलाएका थिए ।


## जैविक विविधताको संरक्षण गरौं

- वनजंगलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं ।
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करी विरुद्ध आवाज उठाऔं ।
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं ।
- परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं

जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


## Kawasoti Municipality

# Office of Municipal Executive

**Kawasoti-02, Nawalparasi(East of Bardghat Susta)**

**Gandaki Province, Nepal**

# Invitation for Bids

**Date Of Publication: 2081/11/27**

1. Kawasoti Municipality has own resources and has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. **Kawasoti Municipality** invites online bids from eprocurement system from eligible bidders for the following **Civil work.**

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount With VAT and PS(NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 26/KM/SQ /2081-82 | Construction of Ward office Compound wall in ward no 7 | 45/90 days Sealed Bid | 14,54,263.48/– | 36,360.00/– | 1000/– | 2081/12/13 till 12:00 Noon | 2081/12/13 at 2:00 PM |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Kawasoti Municipality.
4. Bid Document fee shall be deposited in Rastriya Banijya Bank, Kawasoti, in name of Kawasoti Municipality,Office of Municipal Executive, Revenue Acc. No.: 3200100301010003 .Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Specified date and time mentioned above *at*** the office of Kawasoti Municipality, Nawalparasi (bardhaghat susta east).
5. The bid security may either be in the form of a bid security issued by authorized A Class commercial bank in deposit account Rastriya Banijya Bank, Kawasoti Branch, a/c no. 3200100303000003 NPR
6. Bid Security document shall be compulsory submitted according to the format provided in the bid document, otherwise thebid shall be excluded from the bid evaluation process.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

## स्वास्थ्य निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

# करार सेवामा जनशक्ति लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/२७

यस निर्देशनालयको आ.व. २०८१।८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागू भएका स्थानीय तह हरुमा कार्यरत मनोसामाजिक परामर्शकर्ताहरु को क्षमता विकास प्राविधिक सहयोग एवं सहजीकरणका लागि तपसिल बमोजिमको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुनेगरी तपसिलमा उल्लेखित राजस्व तिरेको सक्कल भौचर सहित प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको फारामको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालय कोडः ३७००१५६०५५ राजश्व शिर्षक : १४२२४ रकमः १०००.००

| सि.नं. | विज्ञापन नं. | पद | कार्यक्षेत्र | पद संख्या |
|---|---|---|---|---|
| १. | १८।०८१।८२ | मनोविद (सातौं तह) | लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालयमा रही SaMi कार्यक्रम लागु भएका स्थानीय तहहरुमा | २ |

विस्तृत जानकारीको लागि यस निर्देशनालयको वेभसाइटः hd.lumbini.gov.np मा हेर्न साथै थप जानकारीका लागि फोन नं. ०८२५९४३५/ ९८५११२१८७९ सम्पर्क गर्नुहुन अनुरोध छ ।

गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकासल तथा यातायात ब्यवस्था मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय,

नवलपरासि (बर्दघाट सुस्तापुर्व)

गण्डकी प्रदेश

# बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /११/२७)

यस कार्यालयबाट बिभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np/egp/मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्कृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Maharaja marga (Gumba chowk dekhi uttartar fako 5 no ward karyalaya hudai thakuri chowk samma) starunnati, Kawasoti 5, Contract ID : IDO-NAW (BSE)-W-NCB-48-2081/82 | M/S Core Commercial Construction and Suppliers, Kirtipur | 78,12,289.30 |

कार्यालय प्रमुख

सैनामैना नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश

# मोटरसाइकल/स्कुटर खरीद गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकासित मितिः२०८१।११।२७

यस कार्यालयको लागि आवश्यक पर्ने देहाय बमोजिमको मोटरसाइकल सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनीक खरीद नियमावली, २०६४(चौथो संशोधन २०७३) को नियम ३१ ख वमोजिम मोटरसाइकल उत्पादक कम्पनी वा सो को अधिकारीक बिक्रेताहरु वीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग)विधिवाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार देहाय वमोजिमको मोटरसाइकल/स्कुटर विक्री गर्न चाहने उत्पादक वा अधिकारीक विक्रेताले आआफनो उत्पादनको अधिकारीक स्पेशिफिकेसन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग/ ब्रोसर) संलग्न राखी यो सूचना प्रकासित भएको मितिले ७(सात) दिन भित्र यस नगरपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्वन्धित उत्पादक कम्पनी वा सो को अधिकारीक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक मोटरसाइकल/स्कुटरको विवरण**

| Catalogue No. | Type | Requirement ( General Specification) | Number |
|---|---|---|---|
| SM-CS-01-081-82 | Motorcycle of Engine Displacement of 125±1% cc | A Motorcycle of engine displacement 125±1% cc, single cylinder, four strokes, air cooled petrol engine developing maximum power output not less than 10 Ps and maximum torque not less than 10Nm, Kerb weight shall not be less than 120kg, Front Brake: Disc & Rear Brake: Drum/Disc, wheelbase not less than 1200mm, Front suspension of telescopic, rear suspension of Mono/Twin Shock Absorber, Minimum ground clearance of 155mm, electric and kick starting with all essential accessories including a helmet and leg guard. Transmission of minimum four speed, constant mesh and fuel tank capacity of minimum 8 liters. Minimum 1-year warranty. | Two |
| | Scooter of Engine Displacement of 125±5 cc | A Scooter of engine displacement 125±5cc, air cooledfour strokes, petrol engine developing power output not less than 7 bhp @ optimum rpm andminimum torque 8Nm @ optimum rpm, Kerb weight shall not be more than 120kg, Front Brake: Disc/Drum& Rear Brake: Drum, wheelbase minimum 1200mm, Standard suspension, Minimum ground clearance of 125mm,electric and kick starting with all essential accessories including a helmet,mud guard. Automatic Transmissionand fuel tank capacity of minimum 4 liters. Minimum 1-year warranty. | |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com